# युनियन हाइड्रोपावर लिमिटेड
# Union Hydropower Limited

Lalitpur-3, Dhobighat, Tel : 01-5425406
E-mail : unionhppl@gmail.com ,Web : www.unionhydropower.com.np

## अठारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०५ गते**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको संचालक समितिको मिति २०८१/०९/०४ गते बसेको बैठकको निर्णय बमोजिम कम्पनीको अठारौं (आ.व.२०८०/२०८१) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभाको कार्यक्रमः**

**मिति** : २०८१ साल पुष २६ गते शुक्रबार (तदनुसार जनवरी १०, २०२५)

**समय** : बिहान १०:३० बजे ।

**स्थान** : सिद्धार्थ कटेज, ललितपुर-३, धोबिघाटमा भौतिक र विद्युतिय माध्यम Virtual (Zoom App) मार्फत एकसाथ सभा संचालन गरिनेछ ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची तथा प्रस्तावहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व २०८०/०८१ को वार्षिक प्रतिवेदन, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

२. आ.व. २०८०/०८१ को लेखा परीक्षणको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरु माथि छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३. आ.व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको परिश्रमिक निर्धारण सम्बन्धमा ।

४ विविध ।

**ख) विशेष प्रस्ताव :**

१. यस युनियन हाइड्रोपावर लि. कम्पनीद्वारा प्रवर्द्धित होङ्गु खोला ज.वि.आ. (२८.९ मे.वा.) र माथिल्लो तमोर ए ज.वि.आ. (६० मे.वा.) को परियोजना हस्तान्तरण र व्यवस्थापन सम्बन्धमा ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**अन्य जानकारीहरू :**

१. कम्पनीले प्रविधिको अधिकतम प्रयोग गरी धेरै भन्दा धेरै शेयरधनीहरुलाई देशका विभिन्न स्थान र विदेशबाट समेत साधारण सभामा उपस्थिति जनाउने तथा कम्पनीको वारेमा अधिकतम जानकारी लिई कम्पनीको स्तर उन्नतिको लागि शेयरधनीबाट अधिकतम सुझाव र सल्लाह लिई कम्पनीको प्रगतिको लागि थप उर्जा थप्नका लागि दुवै माध्यमलाई प्रयोग गर्ने निर्णय भएकाले सोही वमोजिम भर्चुअल तथा भौतिक माध्यमबाट भएको उपस्थितिलाई अभिलेख गराउन चाहने शेयरधनीले साधारण सभा हुनु भन्दा तीन दिन अगावै देखी कम्पनीको कार्यालयमा उपस्थित भई कम्पनीको हाजिरी पुस्तिकामा दस्तखत अभिलेखिकरण गर्न र त्यसपछि भर्चुअल माध्यमबाट उपस्थित हुन सक्नु हुनेछ ।

२. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान ९:०० बजेदेखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।

३. वार्षिक साधारण सभामा प्रवेशका लागि आफ्नो परिचय खुल्ने प्रमाण कागज वा DEMAT Account Statement लिई आउनु हुन अनुरोध छ ।

४. भर्चुअल माध्यमबाट भएको शेयरधनीको उपस्थिति सभाहलमा उपस्थित भए सरह मान्यता दिइनेछ र निजहरुको हाजिर निजहरुले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाण राखिने छ । उपस्थित गणपुरक संख्या सभा संचालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ ।

५. Meeting ID र Password को निमित्त कम्पनीको इमेल unionhppl@gmail.com मा साधारणसभा हुनु भन्दा एक दिन अगावै सम्पर्क गरि प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ र भर्चुअल माध्यमबाट आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले कम्तिमा तीन दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक इमेल unionhppl@gmail.com मा सम्पर्क गरि नाम टिपोट गराउनु हुन सविनय अनुरोध छ ।

६. वार्षिक साधरणसभा गर्ने प्रयोजनको लागि कम्पनीको शेयरको दर्ता किताव (शेयर दाखिल खारेज) मिति २०८१/०९/१७ गते १ दिनका लागि बन्द रहने छ । साथै शेयरधनी दर्ता किताब बन्द हुने मिति २०८१/०९/१७ गते भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएका शेयरधनीहरुले मात्र कम्पनीको साधारण सभामा भाग लिन पाउनेछन ।

७. वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) बमोजिमको ढाँचामा प्रतिनिधिपत्र भरी प्रतिनिधि नियुक्त गर्नुपर्नेछ । यसरी नियुक्त प्रतिनिधिले सो प्रोक्सी काठमाडौं, नयाँवानेश्वर स्थित शेयर रजिष्ट्रार लक्ष्मी सन्राइज क्यापिटल लि. बाट प्रमाणित गराई सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीमा दर्ता गर्नुपर्नेछ । सो समयावधी नघाई प्राप्त हुन आएको प्रोक्सी मान्य हुने छैन । प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी गरेमा प्रतिनिधि पत्र स्वत: बदर हुनेछ ।

८. एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्व सम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

९. कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अर्न्तगत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

१०. साधारण सभा सम्बन्धी अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ललितपुर-३, धोबीघाटमा सम्पर्क राखी लिन सकिने छ । अन्य थप जानकारी कम्पनीको वेब साइट www.unionhydropower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।